# सिंजा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## **शिक्षा युवा तथा खेलकुद शाखा**
## नराकोट सिंजा जुम्ला

कर्णाली प्रदेश नेपाल ।

पत्र संख्या.:- २०८०/०८१(शिक्षा)

चलानी नंम्बर:- 250

विषयः- बजेट रकम निकासा सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय (सबै),
सिंजा गाउँपालिका नराकोट,जुम्ला ।

प्रस्तुत विषयमा सिंजा गाउँपालिकाबाट प्रथम त्रैमासिक तलब भत्ता माग फारम र विद्यालय सामाजिक परीक्षण सम्बन्धमा मिति २०८० भाद्र ७ गते प्रेषित SMS प्राप्त भएकै छ । यस गाउँपालिका स्थित सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकहरुको आ.व २०८०/०८१ को प्रथम त्रैमासिक तलब भत्ता (श्रावण,भाद्र र असोज) र एक महिना बराबरको चाडपर्व खर्च सहितको निकासा मागको लागि देहाय बमोजिमका कागजात संलग्न गरि उल्लेखित ढाँचा अनुसारको माग फारम मिति २०८० भाद्र २२ सम्म भरि अनिवार्य रुपमा यस कार्यालयको शिक्षा युवा तथा खुलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ ।

१. माग फारम भरेको समष्टिगत तालिका,
२. संसोधन सहितको माग फारम (विद्यालय लेखाङ्कन दिग्दर्शन) २०७६, फारम नं २ अनुसार )
३. शिक्षक तथा कर्मचारीहरुको हाजिरी प्रतिलिपि,
४. अघिल्ला आ.व.२०७९/०८० को चौथो त्रैमासिक तलब बुझेको भर्पाइ , कर्मचारी सञ्चय कोष, नागरिक लगानि कोष ,सामाजिक सुरक्षा कर र पारिश्रमिक कर दाखिला गरेको प्रतिलिपि साथै फाँटवारि समेत,
५. दिवा खाजा, पाठ्यपुस्तक तथा छात्रावृत्ति वितरण भर्पाइको प्रतिलिपि, साथै अन्य निकासाको खर्चको प्रतिलिपि,
६. सामाजिक परीक्षण प्रतिवेदन (विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८ अनुसार अनिवार्य)

पुनश्चः- उल्लेखित कागजात समावेश नगरि ल्याइएका माग फारम दर्ता गर्न नसकिने साथै सम्पुर्ण विवरण समेत समावेश नगरि पेश हुन आएमा विद्यालयको निकासा गर्न नसकिने जानकारि समेत गराइन्छ ।

बोधार्थः-
श्री सिंजा गाउँपालिका (आर्थिक प्रशासन शाखा)
श्री सिंजा गाउँपालिका (प्रशासन शाखा)
श्री सिंजा गाउँपालिका (सुचना तथा प्रविधि शाखा) :-**Website** मा **Upload** गरिदिनु हुन ।

पवित्रा शाही
प्रमुख प्रशासीय अधिकृत

शंकर घिताल
शिक्षा अधिकृत